# खैरहनी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ७** **संख्या : १०** **कार्तिक २०, २०८०**

## भाग : ३
## खैरहनी नगरपालिका

### प्याज खेती प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः**

ठूलो परिमाणमा निर्यात हुने, स्थानीय बजारमा उच्च माग र मूल्य बोकेको तर खैरहनी नगरपालिका भित्र खैरहनी नगरपालिका कै मागको अनुपातमा उत्पादन नभएको प्याज खेती तर्फ कृषकहरूलाई आकर्षित गरि प्याजको उत्पादन, र उत्पादकत्व वृद्धि गरि किसानको आम्दानी बढाई खैरहनी नगरपालिकाको आर्थिक विकासमा टेवा पुर्याउँदै प्याज खेती कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्न खैरहनी नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ३६ बमोजिम खैरहनी नगरपालिका, नगर कार्यपालिकाले "प्याज खेती प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "प्याज खेती प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि खैरहनी नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "आवेदक" भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका खैरहनी नगरपालिकामा स्थाई बसोबास गर्ने कृषक / कृषि उद्यमी / कृषक समूह / कृषि सहकारी / बहुउद्देश्यीय सहकारी / निजी क्षेत्र बुझ्नु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले प्याज खेती प्रोत्साहन कार्यक्रम बुझ्नु पर्छ।

(ग) "कृषक समुह" भन्नाले प्रचलित कानुन बमोजिम खैरहनी नगरपालिकामा दर्ता भएका कृषक समूह बुझ्नु पर्छ।

(घ) "कृषि सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका खैरहनी नगरपालिका भित्रका कृषि क्षेत्रमा काम गर्ने सहकारी बुझ्नु पर्छ।

(ङ) "निजी क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका खैरहनी नगरपालिका भित्रका कृषि फर्म बुझ्नु पर्छ।

(च) "बहुउद्देश्यीय सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका खैरहनी नगरपालिका भित्रका कृषि क्षेत्रमा काम गर्ने बहुउद्देश्यीय सहकारी बुझ्नु पर्छ।

(छ) "नगरपालिका" भन्नाले खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बुझ्नु पर्छ।

(ज) "साझेदार" भन्नाले कार्यक्रमको लागि छनौट भएका आवेदक भन्ने बुझ्नु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

**३. सूचना प्रकाशन:**

(१) नगरपालिकाले कार्यक्रम सञ्चालनका लागि आवेदकलाई सूचीकृत हुन अनुसूची-१ बमोजिमको कम्तिमा १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक ७ दिनको समय सीमा राखी पुनः सूचना प्रकाशन गर्न सकिनेछ।

(३) यस कार्यक्रमको सूचना प्रत्येक वडामा टाँस गर्नु पर्नेछ। नगरपालिकाले कार्यक्रमको प्रचार प्रसारको लागि स्थानीय पत्र पत्रिका, रेडियो र अन्य सञ्चार माध्यम प्रयोग गर्न सक्नेछ।

४. **सूचीकृत हुनु पर्ने** : कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले खैरहनी नगरपालिकामा कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजात सहित आवेदन, र अनुसूची - २ बमोजिमको प्रतिबद्धता पत्र पेश गरि सूचीकृत हुनु पर्नेछ। सूचीकृत हुन चाहने आवेदकले कम्तीमा पनि १ कठ्ठामा प्याज खेती गर्नु पर्नेछ।

५. **लाभग्राही छनौटः**

(१) नगरपालिकामा सूचीकृत भएका साझेदार कृषक र संस्थाको छनौट, कार्यक्रमको लागि अनुदानको प्रतिशत, सिमा दफा ८ बमोजिमको निर्देशक समितिले आवश्यकता, औचित्यता समानता र समावेशिता समेतलाई ध्यानमा राखी निश्चित मापदण्डको आधारमा गर्नु पर्नेछ। उक्त मापदण्ड निर्देशक समिति आफैँले निर्धारण गर्नेछ।

(२) चालु आर्थिक वर्षमा सोही प्रकृतिका कार्यक्रमहरू सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरू कार्यक्रममा छनौट हुन सक्ने छैनन्।

६. **अनुदान प्रतिशत र सीमा :**

(१) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम उपलब्ध गराइनेछ।

(२) साझेदारहरूलाई समान दरमा रकम उपलब्ध गराइनेछ।

(३) साझेदारहरूलाई परिमाण (प्रति किलोग्राम) वा प्याज खेती गरिएको जग्गा (प्रति कठ्ठा)को आधारमा प्रोत्साहन अनुदान दिन सकिनेछ।

(४) अनुदान प्रतिशत र सीमा निर्देशक समितिले निर्धारण गर्नेछ।

७. **सम्झौताः** छनौट भएका साझेदारहरूसँग कृषि शाखाले सम्झौता गर्नेछ।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

८. **समिति सम्बन्धी व्यवस्था**:

(१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ:

(क) नगर प्रमुख, खैरहनी नगरपालिका - अध्यक्ष

(ख) नगर उप- प्रमुख, खैरहनी नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, खैरहनी नगरपालिका - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक, खैरहनी नगरपालिका - सदस्य

(ङ) प्रमुख, कृषि शाखा- सदस्य - सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ, पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**(४) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यक्रम सञ्चालनसँग सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने,

(ख) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि प्राप्त निवेदकहरूको स्थलगत निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने ।

## परिच्छेद -५
## विविध

**९. दोहोरोपना नहुने**: यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

**१०. अनुगमन तथा मूल्याङ्कन**:

(क) निर्देशक समितिले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्न वा अनुगमन मूल्याङ्कनको लागि निर्देशन दिन सक्नेछ ।

(ख) कृषि शाखाले बेला बखतमा साझेदारहरूको खेती अवलोकन, अनुगमन र प्याज खेती सम्बन्धि प्राविधिक सेवा प्रदान गर्न सक्नेछ ।

(ग) कृषि शाखाबाट मुल्यांकन प्रतिवेदन प्राप्त भएपछी भुक्तानी प्रक्रिया अगाडी बढाइनेछ ।

११. **कारबाहीको व्यवस्था**: साझेदारले झुट्टो विवरण पेश गरेको पाइएमा प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

१२. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**

**विष्णु प्र. सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूचि-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्याज खेती कार्यक्रममा किसान सूचीकृत हुने सम्बन्धी सूचनाको ढाँचा

**प्याज खेती कार्यक्रममा सहभागिताको लागि सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मितिः .............

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालु आ. व. ......... को प्याज खेती प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि प्याज उत्पादन गरि बिक्री वितरण गर्न इच्छुक उत्पादक कृषक / कृषि फर्महरूले यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने प्रोत्साहन अनुदान कार्यक्रममा सहभागिताको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन ( मिति ................. गते ) भित्र तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सूचीकृत हुनका लागि रीत पूर्वक निवेदन पेश गर्नु हुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| कार्यक्रमको नाम | कार्यक्रमको कूल बजेट | साझेदार आवेदक | कैफियत |
|---|---|---|---|
| प्याज खेती प्रोत्साहन कार्यक्रम | | | |

तपशिलः

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. निवेदन ,

२. नागरिकताको प्रतिलिपि,

३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी (फर्म/संस्थाको हकमा),

४. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी (फर्म/संस्थाको हकमा),

५. नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी (फर्म/संस्थाको हकमा),

६. कार्यक्रममा समावेश हुने कृषकहरुको खेती गरिने जग्गाको चालु आ.व.को एकिकृत सम्पती कर (मालपोत) तिरेको रसिदको प्रतिलिपी,

पुनश्च : थप जानकारीको लागि खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखामा सम्पर्क राख्न सकिने छ।

अनुसूची -२

(दफा ४ सगँ सम्बन्धित)

प्रतिबद्धता पत्र

खैरहनी नगरपालिकाको मिति.........................को सूचना अनुसार प्याज खेती प्रोत्साहन कार्यक्रममा सहभागिताको लागि इच्छुक भई आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्यविधिमा उल्लेख भए बमोजिमको कार्य गर्ने छु/छौं। कार्ययोजना अनुसारको कार्य नगरेमा खैरहनी नगरपालिका बाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौँ।

अनुदानग्राहीको तर्फबाट

नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः